# सङ्घीय संसद्
# राष्ट्रिय सभा
# बिसौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २७ चैत २०८२
# शुक्रवार
# बैठक सङ्ख्या- ५

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १६:२५ बजे प्रारम्भ भयो।

**(१६:२५ बजे)** **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, आजको बैठकमा "शून्य समय" र "विशेष समय" नरहने बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहलाई सम्वत् २०८२ साल चैत २७ गते अपराह्न १५:०० बजे सम्माननीय राष्ट्रपतिबाट नेपालको संविधानको धारा ९५ बमोजिम सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनको प्रति सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउँछु।

माननीय सदस्यहरू, अब, म सम्माननीय राष्ट्रपतिबाट दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनका लागि सम्माननीय राष्ट्रपति प्रति धन्यवाद ज्ञापन गर्न देहाय बमोजिमको धन्यवादको प्रस्ताव प्रस्तुत गर्दछु।

(धन्यवादको प्रस्ताव)

"सम्माननीय राष्ट्रपतिबाट नेपालको संविधानको धारा ९५ बमोजिम सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्वत् २०८२ साल चैत २७ गते अपराह्न १५:०० बजे गर्नुभएको सम्बोधनका लागि राष्ट्रिय सभाको यो बैठक सम्माननीय राष्ट्रपति प्रति धन्यवाद ज्ञापन गर्दछ।"

माननीय सदस्यहरू, उपरोक्त प्रस्तावलाई सहमति जनाइ दिनु हुन अनुरोध गर्दछु।

माननीय सदस्यहरू, उपरोक्त प्रस्तावलाई सभाको सहमति भएको व्यहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषदको कार्यभारमा हेरफेर गरिएको सम्बन्धी पत्र प्राप्त हुन आएको छ, अब उक्त पत्रको बेहोरा जानकारी गराउँछु।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम संवत् २०८२ साल चैत्र १३ गते गठित मौजुदा मन्त्रिपरिषद्मा सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको सिफारिसमा देहाय बमोजिम कार्यविभाजन गरी हेरफेर गर्नु भएको बेहोरा सादर अनुरोध गर्दछु।

| **क्र.सं.** | **नाम थर** | **पद** | **कार्यविभाजन** |
|---|---|---|---|
| १. | श्री वालेन्द्र शाह | प्रधानमन्त्री | रक्षा; उद्योग, वाणिज्य तथा आपूर्ति; श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| २. | डा. स्वर्णिम वाग्ले | मन्त्री | अर्थ |
| ३. | श्री शिशिर खनाल | मन्त्री | परराष्ट्र |
| ४. | श्री विराज भक्त श्रेष्ठ | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाइ |
| ५. | श्री सुधन गुरुङ | मन्त्री | गृह |
| ६. | श्री सुनिल लम्साल | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात; सहरी विकास |
| ७. | श्री सोविता गौतम | मन्त्री | कानून, न्याय तथा संसदीय मामिला |
| ८. | श्री सीता बादी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| ९. | श्री प्रतिभा रावल | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन; भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १०. | श्री निशा मेहता | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या; खानेपानी |

| | | | |
|---|---|---|---|
| ११. | श्री सस्मित पोखरेल | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि; युवा तथा खेलकुद |
| १२. | श्री खडक राज पौडेल | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १३. | डा. विक्रम तिमिल्सिना | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| १४. | श्री गीता चौधरी | मन्त्री | कृषि तथा पशुपन्छी विकास; वन तथा वातावरण |

माननीय सदस्यहरू, सङ्घीय संसद्को संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २५ को उपनियम (२) बमोजिम संसदीय सुनुवाई समितिमाः

१. माननीय सदस्य आनन्द प्रसाद ढुंगाना,
२. माननीय सदस्य नर बहादुर विष्ट र
३. माननीय सदस्य प्रेम प्रसाद दंगाललाई

तथा सोही नियमावलीको नियम २८ को उपनियम (२) बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिमाः

१. माननीय सदस्य किरण बाबु श्रेष्ठ,
२. माननीय सदस्य मदन कुमारी शाह (गरिमा) र
३. माननीय सदस्य डा. अन्जान शाक्यलाई मनोनयन गरेको छु।

माननीय सदस्यहरू, सङ्घीय संसद्को संयुक्त समितिका लागि माननीय सदस्यहरूको मनोनयनलाई सभाको सहमति जनाइ दिनु हुन अनुरोध गर्दछु।

माननीय सदस्यहरू, सङ्घीय संसद्का संयुक्त समितिहरू संसदीय सुनुवाई समिति र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिका लागि माननीय सदस्यहरूको मनोनयनलाई सभाको सहमति भएको बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, सङ्घीय संसद्, राष्ट्रिय सभाको बिसौं अधिवेशनको पहिलो बैठक सम्वत् २०८२ साल चैत १९ गते बिहिबार अपराह्न २:०० बजे प्रारम्भ भई २०८२ साल चैत २७ गते शुक्रवारसम्म जम्मा ९ दिन चालु रह्यो। यस अवधिमा ५ वटा बैठक बसी जम्मा ५ घण्टा ४५ मिनेट सभाको काममा व्यतीत भयो। आजै दुवै सदनको संयुक्त बैठकमा सम्माननीय राष्ट्रपतिबाट सम्बोधनको कार्यक्रम पनि सम्पन्न भएको छ।

यस अधिवेशन अवधिमा ३ वटा बैठकमा शून्य समय रहेको थियो। उक्त समयमा २६ जना माननीय सदस्यहरूले २६ मिनेट समय उपयोग गर्नुभएको छ भने १ वटा बैठकमा विशेष समय रहेको थियो। विशेष

समयमा १२ जना माननीय सदस्यहरूले १ घण्टा २७ मिनेट समय उपयोग गर्नुभएको थियो। यसै अवधिमा सभाले नवनिर्वाचित एक तिहाई माननीय सदस्यलाई सभामा स्वागत गरेको छ। साथै अधिवेशन अवधिमै रिक्त रहेको सभाको उपाध्यक्ष पदमा निर्वाचन गरी राष्ट्रिय सभाको उपाध्यक्षको पदमा माननीय सदस्य लिला कुमारी भण्डारीलाई सर्वसम्मत रुपमा चयन गरेको छ। नवनिर्वाचित माननीय सदस्यहरुले सभामा आगामी दिनमा खेल्ने भूमिका तथा अपेक्षासहित आफ्नो अनुभव प्रस्तुत गर्नु भयो। यस क्रममा १७ जना माननीय सदस्यहरुले १ घण्टा २५ मिनेट समय उपयोग गर्नुभएको छ।

माननीय सदस्यहरू, चालु अधिवेशन अवधिमा अध्यक्ष तथा उपाध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने माननीय सदस्यहरुको नाम मनोनयन भएको छ। सङ्घीय संसद्का संयुक्त समितिहरू र सभा अन्तर्गतका विषयगत समितिहरुमा सभाले माननीय सदस्यहरूको नाम हेरफेर तथा मनोनयन गरेको छ। साथै चार वटै विषयगत समितिका सभापतिहरूको निर्वाचन सर्वसम्मत रूपमा सम्पन्न भएको छ। चालु यस अधिवेशन अवधिमा संवैधानिक व्यवस्था अनुसार राष्ट्रिय महिला आयोगको आ.व. २०८१/०८२, आदिवासी जनजाति आयोगको आर्थिक वर्ष २०८१/०८२ र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन सभामा पेस भएका छन्। यस अधिवेशन अवधिमा राष्ट्रिय सभाका पूर्व सदस्य रामचन्द्र भट्टराईको निधन भएकोमा सभाले शोक प्रस्ताव पारित गरेको छ।

माननीय सदस्यहरू संसदीय अभ्यास, विधायकी प्रक्रिया, समितिहरूको भूमिका तथा संसदीय मर्यादासम्बन्धी विषयहरूबारे जानकारी गराउने उद्देश्यले नवनिर्वाचित सदस्यहरूका लागि सङ्घीय संसद् सचिवालयले अभिमुखीकरण कार्यक्रमको तयारी गरिरहेको छ। सभाका अध्यक्ष २०८३ वैशाख २ देखि ६ गतेसम्म टर्कीको इस्तानबुलमा हुने अन्तर व्यवस्थापिका सङ्घ (IPU) को १५२औं महासभामा सहभागी हुन २ जना माननीय सदस्य सहित वैशाख १ गते प्रस्थान गर्ने कार्यक्रम रहेकोले IPU बाट फर्किएपछि अभिमुखीकरण कार्यक्रमबारे माननीय सदस्यहरूलाई औपचारिक जानकारी हुने नै छ।

अन्त्यमा, २०औं अधिवेशन सफलतापूर्वक सम्पन्न गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री, माननीय मन्त्रीहरू, राष्ट्रिय सभा सदस्यहरू, राजनीतिक दल, सङ्घीय संसद्का महासचिव, सभाका सचिव, सचिवालय सचिव, कार्यव्यवस्था महाशाखा लगायत सम्पूर्ण कर्मचारीहरू, मर्यादापालक, सञ्चारकर्मी तथा सुरक्षाकर्मी सबैलाई म विशेष धन्यवाद तथा आभार व्यक्त गर्दछु।

माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट चालु बिसौं अधिवेशन अन्त्य सम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब उक्त पत्रको बेहोरा जानकारी गराउँछु।

सम्माननीय अध्यक्ष,
राष्ट्रिय सभा,
सिंहदरवार, काठमाडौं।

नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८२ चैत २४ गतेको सिफारिसमा संवत् २०८२ साल चैत २७ गते शुक्रबार राती १२:०० बजेदेखि लागु हुने गरी सङ्घीय संसद्को दुबै सदनको चालु अधिवेशन अन्त्य गरेको छु ।

(रामचन्द्र पौडेल)
राष्ट्रपति
२०८२ चैत २६

मानसनीय सदस्यहरू, राष्ट्रिय सभाको चालु बिसौं अधिवेशन आजै राती १२:०० बजेबाट स्वतः अन्त्य हुने गरी यो बैठक अन्त्य भएको घोषणा गर्दछु।

**स्थगितः १६:३५ बजे।**